अनुसूची २

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

**वीरगंज महानगरपालिका**

# स्थानीय राजपत्र

खण्ड: ०५ संख्या: ०२ मितिः २०७८/०३/०८

भाग-२

## वीरगंज महानगरपालिका

## सहकारी संस्था एकीकरण सम्बन्धी कार्यविधि, २०७८

Scanned with CamScanner

# सहकारी संस्था एकीकरण सम्बन्धी कार्यविधि, २०७८

वीरगंज महानगरपालिकाको सहकारी ऐन, २०७४ को दफा ६५ को उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न सहकारी संस्थाहरु एक आपसमा एकीकरण गर्ने सम्बन्धमा सहकारी ऐन, २०७५ र सहकारी नियमावली, २०७८ को अधिनमा रही वीरगंज महानगरपालिकाले देहायको बनाई लागु गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

(१). **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस कार्यविधिको नाम "सहकारी संस्था एकीकरण सम्बन्धी कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि वीरगंज महानगरपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

(२) परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले वीरगंज महानगरपालिकाको सहकारी ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले वीरगंज महानगरपालिकाको सहकारी नियमावली २०७८,लाई सम्झनु पर्छ ।

(ग) "विभाग" भन्नाले महानगरपालिकाको आर्थिक विकास महशाखालाई सम्झनु पर्छ ।

(घ) "सहकारी संस्था" भन्नाले महानगरपालिकाको सहकारी ऐन, २०७४ बमोजिम स्थापना भएका सहकारी संस्थालाई सम्झनु पर्छ ।

(ङ) "एकीकरण कार्य" भन्नाले दुई वा दुई भन्दा बढी संस्थाहरुबीच एक आपसमा भएको सम्झौता बमोजिम एकीकरण हुने कार्य सम्झनु पर्छ र सो शब्दले दुई वा दुई भन्दा बढी संघ/संस्था एक आपसमा गाभिई नयाँ संस्था बन्ने कार्य समेतलाई जनाउँछ ।

(च) "कार्यालय" भन्नाले वीरगंज महानगरपालिकाको संगठन भित्र रहेको आर्थिक विकास महाशाखा अन्तर्गतको सहकारी शाखालाई सम्झनु पर्छ ।

(छ) "रजिष्ट्रार" भन्नाले संघीय सहकारी ऐन र प्रदेश सहकारी ऐन बमोजिमको रजिष्टार सम्झनु पर्छ र सो शब्दले वीरगंज महानगरपालिकाको दर्ता गर्ने अधिकारी समेतलाई सम्झनु पर्छ । सो शब्दले रजिष्ट्रारबाट प्रत्यायोजित अधिकार प्रयोग गर्ने अधिकृत कर्मचारी( आर्थिक विकास महाशाखा प्रमुख) समेतलाइ जनाउनेछ ।

Scanned with CamScanner

## परिच्छेद–२

## उद्देश्य, योग्यता तथा प्रारम्भिक निवेदन सम्वन्धी व्यवस्था

**३.उद्देश्य:** वीरगंज महानगरपालिकाको सहकारी ऐन २०७४ र नियमावली २०७८ को नियम २४ बमोजिम संस्थाको एकीकरण व्यवस्थाको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) सबल र सक्षमसंस्थाको निर्माण गर्न,

(ख) संस्थालाई पूँजी, भौतिक तथा मानवीय संसाधनद्वारा सक्षम र आत्मनिर्भर बनाउन,

(ग) संस्थाको दिगो विकास र स्थायित्व प्रदान गर्न,

(घ) सदस्यहरूलाई प्रदान गर्ने सेवामा गुणात्मकता तथा परिमाणत्मकतामा बृद्धि गर्न,

(ङ) एक व्यक्ति एक सहकारी सदस्यतालाई जोड दिन,

(च) सञ्चालन खर्चमा कटौती गरी उत्पादन क्षेत्रमा लगानी बढाउन,

(छ) संस्थालाई आधुनिक प्रविधिबाट सम्पन्न बनाई व्यवसायिकरण गर्न,

(झ) सहकारी क्षेत्रमा देखिएका विकृतिहरूमा सुधार गर्न,

(ञ) अनावश्यक रुपमा संस्थाहरुको शाखा विस्तार, अन्य उद्देश्यका सहकारी संस्थाहरुलाई बचत ऋणको उद्देश्य परिवर्तन गरी ठूलो क्षेत्राधिकारमा काम गर्नबाट रोकी सक्षम सहकारी संस्था निर्माण मार्फत संस्थालाई विश्वासको आधार निर्माण गर्न ।

(ट) दुई वा सोभन्दा वढी संस्थाहरुको एकीकरण भएको अवस्थामा संस्थाको आवश्यकताका आधारमा एकीकरण सर्त अनुसार साविकको संस्था भएको स्थानमा संस्थाको शाखा कार्यालय संचालन गर्न प्रोत्साहन गर्न ।

**४. <u>एकीकरण गर्न सकिने सहकारी संस्थाहरु</u>** : ऐनको दफा ६६ र नियम २४ वमोजिम निम्न संस्थाहरुलाई एकीकरण गर्न सकिने संस्थामा राख्न सकिनेछ ।

(क) कार्यक्षेत्र एक अर्का संग जोडिएको हुनु पर्दछ ।

(ख) सदस्यहरु बीच साझा बन्धन समान हुनु पर्दछ ।

(ग) एकै वा विषय प्रकृतिका संस्था हुनु पर्ने वा फरक बिषय वा प्रकृतिका भए तापनी एकै स्थानमा रही दाहोरो सदस्यता रहेका र मुलत एकै विषयमा प्रतिस्पर्धा भएको हुनुपर्ने ।

(घ)सदस्यको प्रत्यक्ष सहभागी एवम लोकतान्त्रिक नियन्त्रण कायम रहनु पर्ने ।

(ङ) फरक वडाहरु भए पनि कार्य क्षेत्र जोडिएका संस्थाहरु ।

च) एउटै कार्यक्षेत्रभित्र रहेका एकभन्दा बढी सहकारी संस्थाहरु ।

**५ एकीकरणको व्यवस्थापन** : एकिकरणको व्यवस्थापन निम्नानुसार गर्नु पर्दछ :

(क) एकीकरण गरिने संस्थाहरूको आवश्यकता पहिचान गर्ने,

(ख) एकीकृत हुने संस्थाहरूका शेयर सदस्य तथा सञ्चालक समिति, लेखासमिति र अन्य उप समितिका सवै सदस्य वा पदाधिकारी अथवा आवश्यकता अनुसारको उपस्थितिमा एकीकरण सम्वन्धी अन्तरक्रिया छलफल कार्यक्रमको संचालन गरी सहमति जुटाउने,

(ग) उपयुक्त अन्तरक्रिया छलफल पश्चात एकीकृत हुन चाहने संस्थाहरूको सञ्चालक समितिको वैठकबाट एकीकरणको निमित्त शर्त र कार्यविधि तयार पार्न बढीमा ५ सदस्यीय संयुक्त कार्यदल निर्माण गर्ने,

(घ) कार्यदलले शर्त तथा कार्यविधिमा गहन वहस र छलफल पश्चात अनुसूची-१ बमोजिमको शर्त तथा कार्यविधि तयार पारी बढीमा ७ दिन भित्र एकीकृत हुन चाहने संस्थाहरूमा प्रस्तुत गर्ने,

(ङ) कार्यदलले प्रस्तुत गरेको शर्त र कार्यविधिलाई एकीकृत हुन चाहने संस्थाहरूको सञ्चालक समितिको वैठकबाट साधारण सभामा लैजाने गरी अन्तिम रुप दिने ।

Scanned with CamScanner

(च) एकीकरण गर्ने संस्थाहरूको शर्त तथा कार्यविधि सञ्चालक समितिले पारित गरेपछि सम्वन्धित संस्थाहरूको नियमित साधारण सभाको समय भए त्यसैमा सो नभए विशेष साधारण सभा डाक्ने र शर्त तथा कार्यविधि प्रस्तुत गर्ने ।

(छ) एकीकरणमा संलग्न हुने संस्थाहरुले महानगरपालिकाको सहकारी शाखासंग आवश्यक राय, सुझाव र सहमति प्राप्त गर्ने ।

६. **योग्यता** : एकीकरण कार्यका लागि कार्यक्षेत्रसंग आपसमा जोडिएका विषयगत वा बहुउद्देश्यीय संस्थाहरुसँग एकीकरण गर्न सकिनेछ । तर एकै कार्यक्षेत्रमा विभिन्न विषय र प्रकृतिका संस्थाहरु रहेको भएमा फरक विषय र प्रकृति भए तापनि कार्यालयले विषय मिल्ने क्षेत्रमा कारोबार गर्ने गरी एकीकरण गर्न स्वीकृति प्रदान गर्न सकिनेछ । क्षेत्र भित्र पर्ने गरी गरिनेछ ।

७. **पूर्व स्वीकृती लिनुपर्ने** : (१) दफा ६ बमोजिम योग्य दुई वा दुई भन्दा बढी संस्थाले एक आपसमा एकीकरण हुन चाहेमा एकीकरण कार्यको समय सीमा र तोकिएको प्रस्तावित कार्ययोजना सहित आ-आफ्नो संचालक समितिबाट प्रस्ताव पारित गरी सो सम्बन्धी कार्य गर्न महानगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा १ बमोजिम एकिकरण गर्दा साधारण तथा मौजुदा संस्थाको कार्यक्षेत्रको आधारमा तहको वडा वा वीरगंज महानगरपालिकाको क्षेत्र भित्र पर्ने गरी गरिनेछ ।

(३) उपदफा १ मा जुन सुकै कुरा लेखिएको भए तापनी मन्त्रालयको स्वीकृती विना २०४९/०२/०२ अघि दर्ता भएका साझा सहकारी संस्थाहरुलाई अर्को संस्थाहरुले एकिकरण गर्ने वा त्यस्ता संस्थाहरुको घरजग्गा लगायतका स्थिर सम्पती बेचविखन गर्ने वा धितो राख्न वा पाँच बर्ष भन्दा बढी अवधिका लागि लिजमा दिनु हुदैन ।

तर कुनै सहकारी संस्थाले साझा सहकारी संस्थाहरुलाइ विनियम तथा नाम स्वीकार गरी एकिकरण हुन सक्नेछ

(४) महिलाहरुमात्र सदस्य भै महिलाहरुले नेतृत्व गरेका, विशेष उद्यम व्यवसाय संचालन गरिरहेका विशेष रुपमा पिछडिएका समुदायमा स्थापित सहकारी संस्था र अन्य सहकारी संस्था संग सामान्या एकिकरण गरिनेछ

तर क्षमता विकास नेतृत्व विकास तथा सांङ्गठनिक गतीशिलता हुने गरी एकिकरण हुन भन्ने बाधा. पर्नेछ ।

(५) एकिकरण सहभागी संस्थालाई दर्ता अधिकारीबाट नियम ३८ बमोजिम प्रोत्साहन गर्ने सकिनेछ ।

(६) एकिकरण पूर्वको दुवै संस्थामा दायित्व व्यवस्थापन र कर बक्यौता भुक्तानी सम्बन्धमा स्पस्ट गर्नुपर्ने ।

(७) **एकीकरणका अन्य शर्त आधार र प्रकिया समय समयमा** वीरगंज महानगरपालिकाबाट स्वीकृत कार्यबिधि तथा व्यवस्था भए बमोजिम हुनेछ । तर ऐन प्रारम्भ भएपछि यस कार्यबिधि लागु हुनु पूर्व एकिकरण प्रकृया सुरु गरिसकेका संस्थाहरुको हकमा एक पटकको लागि पूर्व स्वीकृत नलिएको भए तापनी संस्थालाई एकिकरण गर्ने स्वीकृती दिन यस उपदफाले बाधा पुर्याएको मानिने छैन ।

Scanned with CamScanner

## परिच्छेद - ३

### सम्पत्ति तथा दायित्व, सम्झौता तथा अन्तिम स्वीकृति सम्बन्धी व्यवस्था

(८) **सम्पत्ति तथा दायित्वको मूल्याङ्कन सम्बन्धी व्यवस्था** :

(१) महानगरबाट पूर्व स्वीकृति लिएपछि एकीकरण हुन चाहने संस्थाले आ-आफ्नो सम्पत्ति र दायित्व तथा कारोबारको पछिल्लो मूल्याङ्कन गराउनु पर्ने अवस्था भए मुल्यांकनकर्ता नियुक्ति गरी सम्पत्ति र दायित्वको मुल्यांकन गराउनु पर्नेछ ।

(२) मूल्यांकनकर्ताले पेश गर्ने प्रतिवेदनमा संस्थाको देहाय बमोजिमका विषयहरुमा किटानीका साथ राय पेश गर्नु पर्नेछ र एकीकरण कार्यबाट उक्त विषयमा पर्ने प्रभावको विस्तृत विश्लेषण समेत गरेको हुनुपर्नेछ :-

(क) कर्जा वर्गीकरण,

(ख) कर्जा नोक्सानी व्यवस्थाको पर्याप्तता,

(ग) प्रचलित कानून तथा नियमनको पालना स्थिति,

(घ) तरलता विवरण,

(ङ) जनशक्ति व्यवस्थापन

(च) अन्य आवश्यक विषयहरु ।

(९) **एकीकरणमा राख्नु पर्ने शर्त र कार्यविधिका विषयहरू**: एकीकरणमा निम्न शर्त तथा कार्यविधिहरु राख्नुपर्छ

(क) कुन कुन संस्थासंग एकिकरण गर्ने हो सो उल्लेख गर्ने ।

(ख) एकिकृत संस्थाको नाम एकिकृत हुने संस्थाहरु मध्ये कुन संस्थाको नाम राख्ने हो वा नयां नाम के राख्ने हो सोको उल्लेख गर्ने र संस्थाको कार्यालय कहाँ रहने हो ठेगाना समेत उल्लेख गर्ने ।

(ग) एकिकृत संस्थाको कार्य क्षेत्र कति रहने हो सो एकिन गर्ने । कार्य क्षेत्र एकिन गर्दा मापदण्डमा रहेको व्यवस्थाको अनुसरण गर्ने ।

(घ) कुन संस्थाको विनियम स्वीकार गर्ने हो वा नयाँ विनियम तर्जुमा गर्ने वा कुनै विनियममा संशोधन गर्ने हो उल्लेख गर्ने ।

(ङ) शेयर पूँजीको रकम, विनियममा व्यवस्था भए बमोजिमका कोषमा रहेको रकमहरु एकिकृत संस्थामा के कसरी समावेश गर्ने र उपयोग गर्ने तरिका । (जस्तै : एकिकृत हुने संस्थाहरुको शेयर पूँजीको रकम र संस्थाको विभिन्न कोषमा रहेको रकम तथा सदस्य संख्या सामान्यतया असमान हुन्छन ।

(च) संस्थाको सम्पत्ति एकीकृत संस्थामा के कसरी प्रयोग गर्ने र दायित्वहरु के कसरी भुक्तानी गर्ने सो सम्वन्धी विषय ।

(छ) अन्य आवश्यक विषय ।

(१०) **एकीकरणको साधारण सभामा प्रस्तुत गरिने विषयहरू** :

संस्था एकिकरण कार्यको लागि साधारण सभामा निम्न विषयहरु पेश गर्नु पर्नेछ :

(क) अनसूची-१ बमोजिमको ढाँचामा प्रस्तुत गरिएको शर्त तथा कार्यविधि सम्वन्धी विवरण ।

(ख) एकीकृत हुने अघिल्लो दिनसम्मको वासलात ।

(ग) आन्तरिक लेखा परीक्षण प्रतिवेदन ।

(घ) साधारणसभाबाट एकीकरणको स्वीकृती लिने कार्यका लागि अधिकार प्रत्यायोजन गरी प्रतिनिधि तोक्ने कार्य ।

(ङ) एकीकरण पछि कुनै विवाद भए विवाद समाधान गर्न एकीकृत हुन आउने संस्थाबाट वढीमा ५ जनाको विवाद समाधान समिति गठन गर्ने ।

Scanned with CamScanner

(च) एकीकृत संस्थाहरुको सम्पत्ति (स्थायी भए) नियमानुसार नामसारी सम्बन्धी विषय ।

(छ) संस्थाहरुको ऋण लगानी, ऋण असुली र भुक्तानी, बचत तथा ऋणको व्याजदर, सदस्यताको क्रम संख्या, शेयर प्रमाण पत्र लिने दिने, कर्मचारी व्यवस्थापन, कारोवार स्थगन जस्ता विषयहरुमा कुनै छुट्टै व्यवस्था गर्नु पर्ने भए सो समेत निर्णय गर्ने ।

(ज) विषयगत वा बहुउद्देश्यीय संस्थाले संचालन गरिरहेको व्यवसायको निरन्तरता वा वन्द हुने सो कुरा स्पष्ट गर्ने ।

(११). **सम्झौता सम्बन्धी व्यवस्था** : वीरगंज महानगरपालिकाको सहकारी ऐन २०७४ दफा ६५ (१) (२) र (३) बमोजिम ऐनको अधिनमा रही दुई वा दुई भन्दा बढी संस्थाहरु एक आपसमा गाभी एकिकरण गर्न वा एक संस्थालाई भौगलिक कार्य क्षेत्रको आधारमा  दुई वा दुई भन्दा संस्थामा विभाजन गर्न सकिने,एकिकरण वा विभाजन गर्दा सम्बन्धित संस्थाको कुल कायम रहेको सदस्य संख्याको दुई तिहाई बहुमतवाट निर्णय भएको हुनपर्ने तथा एकिकरण वा विभाजन गर्ने निर्णय गर्दा  एकिकरण वा विभाजन शर्त र कार्यविधी समेत बनाई सोही बमोजिमका आपसी सम्झौता पत्र बनाई सम्झौता गर्नु पर्नेछ ।

(क) एकीकरण हुने संस्थाको नाम, ठेगाना, कार्यक्षेत्र, एकीकरण भए पछि रहने नाम, ठेगाना र संयुक्त कार्यक्षेत्र तथा सदस्यता प्रतिवेदन ।

(ख) सदस्यहरुको हक हित संरक्षण गर्ने व्यवस्था,

(ग) संस्थाको सम्पत्तिको मूल्याङ्कन, सम्पत्ति/दायित्वको मिलान पद्धति ।

(घ) एकीकरण गर्न लाग्ने अनुमानित समयावधि ।

(ङ) संस्थाको विनियमावली, कार्य संचालन सम्बन्धी नियमावलीहरु, वचत तथा ऋण नीति/निर्देशिका संस्थाको रुपमा परिणत हुने वा एकीकरण हुन संस्थाको नाम ।

(च) एकीकरण भएपछिको पूँजी संरचना तथा स्वामित्व संरचना ।

(छ) एकीकरण भएपछिको संस्थामा आवश्यक कर्मचारी मात्र रहने गरी कर्मचारी कटौती योजना तथा जनशक्ति व्यवस्थापन योजना तथा कर्मचारी व्यवस्थापन सम्वन्धी अन्य व्यवस्था ।

(ज) प्रचलित सहकारी कानूनको पालनाको लागि पूरा गर्नुपर्ने विषय र स्वीकृति प्रक्रिया ।

(झ) संस्थागत पुनर्संरचना, एक आपसमा सदस्यता, सेवा केन्द्रहरुको मिलान, नामाकरण तथा सञ्चालन व्यवस्था ।

(ञ) अन्य प्रचलित कानून र सोको पालना भएको घोषणा ।

(ट) महानगरपालिकाले तोकेका अन्य आवश्यक विषयहरु ।

(१२).**एकीकरणको लागि निवेदन दिने** :(१) दफा ६५ (१) बमोजिम पूर्व स्वीकृति प्राप्त वा स्वीकृति प्राप्त नभएका संस्थाले ऐनको दफा ६५ को प्रकिया पुरा गरि एक आपसमा एकिकरण हुन चाहेमा एकिकरण कार्यको समय सिमा र तोकिएको प्रस्तावित कार्य योजना सहित विधमान पुजि संरचना आ-आफ्नो साधारण सभावाट प्रस्ताव पारित गरि सो सम्वन्धी कार्य अगाढी बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पारित एकीकरण प्रस्तावका आधारमा दुवै संचालक समितिको निर्णय सहित संयुक्त रुपमा संस्थाले वीरगंज महानगरपालिकामा अनुसूची -२ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ

(१३).**कार्यालयले अपनाउनु पर्ने कार्य प्रक्रिया** : (१) एकीकरणको लागि निवेदन पेश भए पछि कार्यालयहरुले निम्नानुसारको कार्य प्रक्रिया अपनाउनु पर्नेछ ।

(क) कार्यालयसँग एकीकरण लागि पूर्व स्वीकृति लिए, नलिएको र नलिएको अवस्थामा एकीकरण वा विभाजन पश्चात आउन सक्ने कानूनी जटिलताको विषय यकिन गर्ने ।

Scanned with CamScanner

(ख) एकीकरण हुने संस्थाहरुको साधारणसभाको बहुमतबाट नियमानुसारको प्रस्ताव पारित भए नभएको हेर्ने,

(ग) कार्यालयले एकीकरण सम्बन्धी १५ दिने सूचना तयार गरी एक वडाभन्दा बढी कार्यक्षेत्र भएमा स्थानीय स्तरको पत्रिकामा र अन्य कुनै एकमा कम्तिमा एक पटक प्रकाशन गर्ने गराउने, स्थानीय एफ.एम [illegible] प्रशारण गराउने, कार्यालय, जिल्ला सहकारी संघ लि., विषयगत जिल्ला सहकारी संघ लि र सम्वन्धित संस्थाको सूचनापाटीमा टाँस्ने गरी गुनासो उजुरी माग गर्ने ।

(घ) सूचनाको अवधि भित्र गुनासो वा उजुरी परे नपरेको र परेको भए त्यसको गहनताको अध्ययन गर्ने ।

(ङ) सरोकारवालाको गम्भीर प्रकृतिको उजुरी वा गुनासो पाइएमा त्यसको सच्चाई पत्ता लगाउने र नपरेमा सम्वन्धित कार्यालयबाट खुलाउनु पर्ने विषयहरु खुलाएर एकीकरण सम्वन्धी निर्णय लिने ।

(च) एकीकरण कार्य सम्पन्न भएको सूचना स्थानीय पत्र प्रत्रिकामा प्रकाशित गर्न लगाउने ।

(छ) संस्था एकिकरण गरे पछि मुल संस्थाको दर्ता कायम राखी अन्य संस्थाको लगत कट्टा गर्ने र सो को जानकारी जिल्ला सहकारी संघ, विषयगत संघ, प्रदेश सहकारी मन्त्रालय लगायतका निकायमा पठाउने

(ज) स्थायी लेखा नं. लिएका संस्था भए आन्तरिक कर कार्यालयको सहमति लिने ।

(झ) संस्थाहरुको एकिकरण गर्दा हाल कायम रहेको नाम चाहे अन्य नाम प्रस्ताव गरिएमा मापदण्ड बमोजिम नयां नाम दिने प्रयोजनका लागि वीरगंज महानगरपालिकाको सहमति आवश्यक पर्ने ।

(१४) **अन्तिम स्वीकृति सम्बन्धी व्यबस्था** : (१) एकीकरणको लागि आवश्यक प्रक्रिया अगाडि बढाउन पूर्व स्वीकृत पाएका संस्था दफा ६५ बमोजिमको प्रतिवेदन र दफा ११ बमोजिमको संझौता पत्र सहित अन्तिम स्वीकृतिको निमित्त केन्द्रीय संघ भए विभागमा र विषयगत, जिल्ला संघ र प्रारम्भिक संस्था भए सम्वन्धित
कार्यालयमा संयुक्त रुपमा देहायका थप कागजात संलग्न गरी निवेदन दिनु पर्नेछ :-

(क) एकीकरण हुने संस्थाहरुको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक प्रतिवेदन ।

(ख) एकीकरण गर्ने सम्वन्धमा कुनै समझदारीपत्र भए त्यस्तो समझदारीपत्र र एकीकरण समिति गठनको निर्णय ।

(ग) एकीकरण हुने संस्थाको चल अचल सम्पत्ति तथा दायित्वको पछिल्लो यथार्थ विवरणको मूल्याङ्कनको लागि नियुक्त मूल्यांकनकर्ताको प्रतिवेदन ।

(घ) एकीकरण हुने (घ) संस्थाको नाम, ठेगाना,

(ङ) एकीकरण सम्वन्धमा स्वीकृत भएको अन्तिम कार्य योजना,

(च) कार्यालयले तोकेका अन्य कागजात तथा विवरण,

(छ) एकीकृत हुन आउने संस्थाहरूले अनुसूची-२ बमोजिमको संयुक्त आवेदन

(ज) एकीकरणको निर्णयहरूको प्रमाणित प्रतिलिपि,

(झ) एकीकरणको शर्त र कार्यविधि,

(ञ) एकीकरण हुने संस्थाहरुको छुट्टा छुट्टै र संयुक्त वासलात,

(ट ) कार्यालयको स्वीकृतिमा स्थानीय पत्र पत्रिकामा संस्था एकीकरणमा जान लागेको कुराको सार्वजनिक सूचना जारी गरेको सूचना ।

(ठ) उक्त सूचना प्रकाशित भएपछि एकीकरण सम्पन्न नभएसम्म कुनै आर्थिक कारोवार नगर्ने,

Scanned with CamScanner

(ड) एकीकरणका लागि कार्यालयमा पत्राचार गर्दा एकीकृत हुन चाहने संस्थाहरूको अघिल्लो वर्षको साधारण सभाद्वारा अनुमोदित लेखा परीक्षण प्रतिवेदन तथा चालु वर्षको आन्तरिक लेखा परीक्षण प्रतिवेदन समेत संलग्न राख्नु पर्ने ।

(ढ) एकीकृत संस्थाको विनियममा "एकीकृत संस्थाको नामबाट भए गरेका काम कार्वाही यस विनियम बमोजिम भए गरेको मानिनेछ" भन्ने प्रावधान पनि समावेश गर्ने, यसका लागि विनियम संशोधन प्रस्ताव पारित गराउने,

(ण) सम्पूर्ण कागज पत्रहरू एकीकृत हुन चाहने संस्थाका अध्यक्षहरूबाट प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन उपर कार्यालयले कारवाही गर्दा थप विवरण तथा कागजात आवश्यक भएमा सो निर्णय गर्नु अघि निवेदक संस्थालाई लिखित सूचना दिई थप जानकारी वा कागजात पेश गर्न लगाउन सक्नेछ र त्यस्ता संस्थाका संचालक वा अधिकार प्राप्त व्यक्तिले कार्यालयमा उपस्थित भई त्यस्तो थप जानकारी वा कागजात उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निवेदन परेमा कार्यालयले उक्त निवेदन, सोसँग संलग्न कागजात, विवरण उपर छानबिन गरी पैंतालिस दिनभित्र संस्था एक आपसमा एकीकरण गर्न स्वीकृति दिने वा नदिने निर्णय गरी सोको जानकारी सम्बन्धित संस्थालाई दिनेछ ।

(४) यस कार्यविधि बमोजिम माग गरिएको थप जानकारी वा कागजपत्र संस्था वा सोका अख्तियारवाला व्यक्तिले तोकेको समयावधिभित्र उपलब्ध नगराएमा एकीकरणको लागि निवेदकले दिएको निवेदन फिर्ता लिएको मानिनेछ र सो उपर कुनै कारवाही गरिने छैन । तर पुनः दिएको निवेदन उपर कारवाही गर्न भने यस व्यवस्थाले बाधा पुर्‍याएको मानिने छैन ।

(५) कार्यालयले कुनै संस्था एकीकरण सम्बन्धमा आफूले गरेको निर्णय तथा सो कार्य सम्पन्न गर्ने समेतको व्यहोरा सर्वसाधारणको जानकारीका लागि स्थानीय पत्रिकामा कम्तीमा दुई पटक सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचनामा एकिकरण हुनु भन्दा अगाडीका संस्थाले गरेको कामहरु एकिकरण हुने संस्थाले गर्ने व्यहोरा समेत राख्नु पर्नेछ ।

## परिच्छेद - ४

## विविध

(१५). **एकीकरण सम्बन्धी अन्य व्यवस्था:** संस्था एक आपसमा एकीकरण गर्दा आवश्यकतानुसार देहाय बमोजिमको छुट प्रदान गर्न सकिनेछ :-

(क) दुई वा दुई भन्दा बढी एकै प्रकृतिका सहकारी संस्थाहरु एकीकरण गर्न चाहने संस्थाहरुले साविकमा स्वीकृति पाई कारोबार गरिरहेको कार्यक्षेत्र जोडिएको भएमा उपरोक्त कार्य क्षेत्र प्रदान गर्न सकिनेछ ।

(ख) एकिकरण गर्दा खण्ड (क) बमोजिम ठुलो कार्य क्षेत्र रहेको अवस्था भए उपयुक्त स्थानमा सदस्यता सेवा केन्द्र खोल्न दिइनेछ ।

(ग) फरक विषयका संस्थाहरु एकिकरण हुने भएका त्यस्ता संस्थाहरुलाइ सो संस्थाले चाहेको विषय वा प्रकृति राख्न स्वीकृति प्रदान गर्न सकिनेछ ।

(१६). **एकीकरण पश्चात ध्यान दिनु पर्ने कुराहरू** : एकीकरण पश्चात् निम्न कुरामा ध्यान पुर्‍याउनु पर्दछ ।

क) एकीकरणमा सामेल भएका संस्थाहरु संस्थाको मूल कार्यालयभन्दा टाढा भए भने सदस्यता सेवा केन्द्र खोल्ने स्वीकृति लिइ कार्यहरुलाइ निरन्तरता दिने,

Scanned with CamScanner

(ख) कर्मचारीको जिम्मेवारी बाँडफाँड र संचालक, लेखासमितिको जिम्मेवारीको बाँडफाँडमा विशेष ध्यान दिने ।

(ग) पुरानो संस्था र एकीकृत संस्थाको सेवा सुविधामा कटौती होइन अरू उन्नत सेवा सुविधा दिने ।

(घ) एकिकरण पछि संचालक र लेखा समितिको निर्वाचन गर्नु पर्ने भए विशेष साधारण सभा बोलाइ निर्वाचन गर्नु पर्छ ।

(ङ) यस कार्यबिधीमा भएको यसै बमोजिम र नभएका कुराहरु प्रचलीत कानुन बमोजिम हुनेछ ।

(१७). **एकिकरणमा सहजीकरण गर्न सकिने::** देहायको अवस्था देखिएकोले संस्थाबाट एकिकरण गर्न अनुरोध भै आएमा कार्यालयले एकिकरण कार्यमा सहजीकरण गर्न सक्नेछ ।

(क) एकै स्थानमा एकै विषयका धेरै संस्थाहरु संचालन भएकोले ।

(ख) दुई वा दुई भन्दा वढीसंस्थाहरु एक आपसमा एकीकरण गर्दा सहकारी आन्दोलनलाइ सहयोग पुग्ने देखिएमा ।

(ग) एकै विषय र प्रकृति मिल्ने खालका संस्थाहरु दर्ता भइ संचालनमा रहेका ।

(१८). **विविध** : (१) एकीकरण हुने संस्थाको सम्पत्ति तथा दायित्व प्राप्त गरेपछि सो सम्पत्ति तथा दायित्वको हिसाव किताव दुरुस्त राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) कार्यालयले संस्था एक आपसमा एकीकरण गर्न अन्तिम स्वीकृति दिएपछि एकीकरण कार्य तोकिएको समयमा कार्यान्वयन नगरेको पाइएमा एकीकरण स्वीकृति बदर गरी कारवाही गर्न सक्नेछ ।

(१९). **बाधा अड्काउ फुकाउने::** यस कार्यविधि बमोजिम कार्य सम्पादन गर्दा बाधा अड्काउ परेमा महानगरपालिकाले निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

(२०). संशोधन तथा परिमार्जन: महानगरपालिकाले आवश्यकता अनुसार कार्यविधिमा संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

Scanned with CamScanner

## अनुसूची-१

एकीकरणका शर्त तथा कार्यविधि ढाँचा फाराम ।

सहकारी ऐन, नियम, मापदण्ड तथा संस्थाको विनियममा भएको व्यवस्था अनुसार.................... सहकारी संस्था लि. ......................... र ...................... सहकारी संस्था लि. को एकीकरण गर्दा शर्त र कार्यविधि खोली एकीकरण प्रकृयालाई अघि बढाउनु पर्ने भएकाले निम्न लिखित शर्त र कार्यविधिका अधिनमा रही एकीकरण कार्य सम्पन्न गर्ने यस साधारण सभाले गरेको निर्णय कार्यान्वयनका लागि वीरगंज महानगरपालिकाको सहकारी शाखामा ......................... अनरोध गर्ने समते निणर्य गरियो ।

| क.सं. | विषयहरु | एकीकरणका शर्त | एकीकरणको कार्यविधि | कैफियत |
|---|---|---|---|---|
| १ | नम | ....................सरं था लि. (दर्ता नं. डि.स.का......) .......... संघ/संस्था द.नं. ..... डि.स.का.....) रहेकोमा दुवैलाई एकीकृत गरी एउटै नामवाट संस्थाको संचालन गर्ने । दुवै संस्था लाई एकीकृत गरी "................. सहकारी संघ/संस्था लि. ................. " कायम गर्ने । | दुवै संस्थाको साधारणसभाबाट पारित गराई ........ कार्यालंय...... बाट एकीकरणको स्वीकृति लिई संस्था "................... " को नामबाट संचालन गर्ने । | |
| २ | कार्यालय | दुवै संस्थाको कार्यालय एउटै बनाउने | .............................संस्थाको कार्यालय भवनबाट कार्य संचालन गर्ने । | |
| ३ | कार्यक्षेत्र | दुवै संस्थाको कार्यक्षेत्र एकीकृत रुपमा रहने र कार्यक्षेत्रमा आफ्नो सदस्यहरुलाई सेवा प्रदान गर्ने | एकीकृत हुने संस्थाका कार्यक्षेत्र .................. गा.वि.स.भएकाले .......... गा.वि.स.लाई समेत कार्यक्षेत्रका रुपमा स्वीकृती लिई सेवा प्रदान गर्ने । | |
| ४ | विनियम | दुवै संस्था एकीकृत भए पछि एउटा मात्र संस्थाको विनियम स्वीकार गरिने | .............. सहकारी संस्थाको विनियम ............. स्वीकार गरी सोही विनियम अनुसार कार्य संचालन गर्ने । | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ५ | शेयर रकम | दुवै संस्थाको शेयर रकम एकीकृत गर्ने यस वर्षको एकीकृत हुन आउने रकम पनि संयुक्त रुपमा समावेश गरिने । | सबै संस्थाको लेखापरीक्षण प्रतिवेदन अनुसारको शेयर रकम जम्मा गरि एउटा संस्थामा समावेश गर्ने ।<br>१..........सहकारी संस्थाको शेयर पुँजी रु .............<br>२...............सहकारी संस्थाको शेयर पुँजी रु ...............<br>३................सहकारी संस्थाको शेयर पुँजी रु ............... | |
| ६ | संस्थाका कोषहरु | ...............र..................कोषको रकमं एकीकृत गरी समावेश गर्ने । वितरण गर्न मिल्ने कोषहरु सदस्यहरुलाई वितरण गर्ने नमिल्ने कोषहरु यथावत राखि एकीकृत गर्ने । यसरी एकीकृत गरे पछि नियमानुसार कोषको उपयोग गर्ने । | वितरण गर्ने कोष पनि वितरण गर्ने र वाँकी कोषहरु नियमानुसार उपयोग गर्ने<br>वितरण गर्न मिल्ने कोषहरुको विवरण: कोषको नाम सहकारी संस्था<br>जम्मा<br>१. शेयर लाभांस<br>२. सुरक्षण पुँजि फिर्ता<br>३. कर्मचारी बोनस<br>एकीकृत गरी कोषमा राख्ने कोषहरु:<br>कोषको नाम:<br>जम्मा<br>१. जगेडा कोष<br>२. सहकारी शिक्षा<br>३. घाटा पुर्ति<br>४. अन्यजोखिम कोष<br>५. सहकारी विकास कोष<br>६. कर्मचारी संचय कोष<br>७.कर्मचारी वोनस कोष<br>८.सामुदायिक विकास कोष<br>९.स्थिरीकरण कोष जम्मा<br>.................. | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | सदस्यहरुलाई वितरण गर्ने नमिल्ने कोषहरु यथावत राखि एकीकृत गर्ने । यसरी एकीकृत गरे पछि नियमानुसार कोषको उपयोग गर्ने । | ..................संस्थाका दायित्व र..................संस्थाको दायित्व एकीकृत गरी .................. बाट फर्छ्यौट गर्ने । | |
| ७ | दायित्व | ..................र.................. चुक्ता गर्न पर्ने दायित्व एकीकरण पश्चात .................. नै चुक्ता गर्ने अथवा दायित्व वहनको जिम्मेवारी .................. रहने । | ..................संस्थाका दायित्व र..................संस्थाको दायित्व एकीकृत गरी .................. बाट फर्छ्यौट गर्ने । | |
| ८ | लगानी हिसाब | .............. र .............. छाता संघहरुमा रहेको लगानी हिंसाव एकीकृत गरी ..................को नाममा कायम गर्ने । ..................संस्थाका लगानी रकम सम्वन्धित छाता संघबाट फिर्ता लिइ आम्दानी बाँध्ने । | निम्न लगानी हिसाव एकीकृत गरी .............. को नाममा कायम गर्ने । फिर्ता गर्न मिल्ने रकम फिर्ता लिई .............. नाममा आम्दानी बाँध्ने र सो कार्यका लागि छाता संघहरुबाट पत्राचार गर्ने । लगानी भएको संस्था .................................... | |
| ९ | ऋण लगानी | ..................र..................आफ्ना सदस्यहरुलाई लगानी गरेको ऋण रकम एकीकृत गरी ..............मा समावेश गर्ने । | ..................र ..................एकीकत भएपछि ............ऋणी सदस्यहरुले ..............नाममा उक्त ऋण सार्ने व्यवस्था बर्मो । यसका लागि................मसान्तसम्म समय दिने व्याज मात्र बुझाएर ऋणी सदस्यहरुको ऋण ..................बाट उपलब्ध गराउने व्यवस्था मिलाउने । | |
| १० | बचत हिसाव | ..................र..................सबै खालका बचतहरु एकीकृत रुपमा ..................र........................द्वारा | संस्था........................शेयर सदस्यहरुको नाममा समावेश गरी राख्ने । संचालित बचत कार्यक्रमहरु समावेश गर्ने । | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ११ | सदस्यता | ............... र ............... दुवै संस्थाका सदस्यहरुलाई एकीकृत संस्थामा समावेश गर्ने । | ............... र ............... शेयर सदस्यहरुको सदस्यता एकीकृत संस्थामा कायम गर्दा प्रवेश मितिको आधारमा सदस्यता कायम गर्ने । | |
| १२ | नीतिहरु | संस्था संचालन नीति लागु गर्ने सन्दर्भमा................र ............भएका एकै किसिमका नीतिहरु भए ......... का नीतिहरु लागु गर्ने र .................. नभएका नीतिहरुका सन्दर्भमा भन्ने ................ नीतिहरुलाई नै एकीकृत संस्थाको नीतिका रुपमा लागु गर्ने । | हाल रहेका निम्न नीतिहरु कायम राखी संस्था संचालन गन | |
| १३ | वैंक खाता र नगद जिम्मेवारी | .............वैंक कारोवार ........ हस्तानान्तरण गर्ने,नगद पनि दुवै संस्थाको एकीकृत गर्ने । | ..................... वैंक र नगद हस्तान्तरण गरी एकीकृत रुपमा राखी उपयोग गर्ने । | |
| १४ | संस्था संचालन प्रक्रिया | .......................दुवै संस्थाका वर्तमान संचालक,लेखा तथा सल्लाहकार समिति एवं उपसमितिहरु मिलाएर विनियममा व्यवस्था भए वमोजिम वाँकी अवधि ............... सम्मका लागि कायम गर्ने । | दुवै संस्थाका संचालकहरुवाट संचालक समिति, लेखासमिति तथा अन्य समिति उपसमिति गठन गरी कार्य गर्ने । | |
| १५. | लिनु दिनु पर्ने वाँकी ऋण | दुवै संस्थाको एकीकरण गरी संयुक्त रुपमा राख्ने । | दुवै संस्थाले वुझाउनुपर्ने वाँकी ऋण संयुक्त रुपमा ............... | |

| | | | | |
|---|---|---|---|---|
| | तथा सम्पत्ति | | नाममा स्थानान्तरण गरी वुझाउने लिनु पर्ने भए पनि यही कार्य विधि अपनाइ असुल उपर गर्ने । | |
| १६. | केन्द्रीय /जिल्ला / विषयगत संघको प्रतिनिधि | ...................... वाट प्रतिनिधित्व गर्ने केन्द्रीय/जिल्ला/विषयगत संघको प्रतिनिधि ........... एकीकृत संस्थाको तर्फवाट पनि निरन्तरता दिने र .....................का केन्द्रीय प्रतिनिधिलाई भने फिर्ता गर्ने । | ....................केन्द्रीय प्रतिनिधि ....................सयुंक्त भएको दुवै संघ/संस्थाको प्रतिनिधिका रुपमा एकीकृत प्रतिनिधि फेरवदल गर्ने । | |



Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| १७ | कर्मचारी | दुवै संस्थाका कर्मचारीहरुलाई यथावत कामकाज लगाउने । | ........................ नियुक्ति कर्मचारीहरु र .................. नियुक्त कर्मचारीहरुलाई एकीकृत रपमा......................नै यथावत कामकाज लगाउने । | |
| १८. | पान नम्वर | ........................ पान स्वीकार गर्ने र ..................... पानलाइ' रद्ध गर्ने । | त्यसका लागि सम्वन्धित निकायमा ......................... सहकारी संस्थाको आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको पान ...................... लाई जानकारी गराउने प्रयोग गर्ने | |
| १९ | नगदी र ढुकुटीको वीमा गर्ने | एकीकृत संस्था ..................... को नगदी र ढुकुटी (सेफ) को विमा गराई संचालन गर्ने । | उपयुक्त विमा कम्पनीसंग आवश्यक सम्झौता गरी नगदी र ढुकुटी वीमा गर्ने व्यवस्था मिलाउने । | |
| २० | एकीकरण पछिको विवाद सम्वन्धी | एकीकरण पश्चात्त कुनै विषयमा विवाद उठेमा विवाद मिलाउन तिन सदस्यीय समिति निमार्ण गर्ने र विवादको टुङ्गो लगाउने । | 'विवाद समाधान समितिमा' ...... र निम्न सदस्यहरुलाई जिम्मेवारी दिने र समितिले गरेको निर्णय संचालक समितिले अनुमोदन गरे पछि लागू हुने गरी निर्णय गर्ने ।<br>१. संयोजक : ....................<br>२. सदस्य :.........................<br>३. सदस्य : ...................... | |
| २१ | विनियममा संशोधन र परिमार्जन | ..............सहकारी संस्थाको विनियम हालको अवस्थामा कतिपय विषयहरु थपघट, परिमार्जन गरी समयानुकुल | विनियम संसोधन र परिमार्जन गर्दा निम्न समिति निर्माण गरी जिम्मेवारी दिने । | |
| | गर्ने समिति | वनाउनु पर्ने भएकाले व्यापक अध्ययन परिमार्जन गर्न तिन सदस्यीय समितिलाई जिम्मा दिने । | १. संयोजक :......................<br>२. सदस्य :.........................<br>३. सदस्य : ........................ | |
| २२ | | | | |

दस्तखत .....................

.....................संस्था लि.

दस्तखत ......................

......................संस्था लि.

Scanned with CamScanner

## अनुसूची-२
(दफा १२ संग सम्वन्धित)

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
वीरगंज महानगरपालिका नगर कार्यपालिकाको
कार्यालय, पर्सा
सहकारी शाखा ।

**बिषयः** एकीकरण गर्न स्वीकृति पाउँ ।

महोदय,

वीरगंज महानगरपालिकाको सहकारी ऐन, २०७४ वमोजिम संचालन भै आएका तपसिल वमोजिमका संस्था एकीकरण गर्न सम्पूर्ण प्रक्रिया पुरा भएकोले एकीकरणको लागि तोकिएका आवश्यक कागजात सहित यो निवेदन पेश गरेका छौं । अतः उपरोक्त संस्थाहरु एकिकरण गरी आउन अनुरोध गर्दछौं । आवश्यक कागजात थान.......संलग्न छन् ।

भवदीय,

.......................................

| | |
|---|---|
| दस्तखत.......................... | दस्तखत.......................... |
| (संस्थाको तर्फवाट आधिकारिक व्यक्ति) | (संस्थाको तर्फवाट आधिकारिक व्यक्ति) |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाको नामः | संस्थाको नामः |
| ठेगानाः | ठेगानाः |
| टेलिफोन नं : | टेलिफोन नंः |
| इमेल ठेगाना : | इमेल ठेगाना : |
| मितिः | मिति : |
| संस्थाको छापः | संस्थाको छाप : |

आज्ञाले
प्रदिप कुमार निरौला
प्रमुख प्रशासकीय अधिकृत
वीरगंज महानगरपालिका कार्यालय.

Scanned with CamScanner